**अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३० को उपदफा ४ को व्यवस्था बमोजिम सार्वजनिक गरिएको**

# नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको एकीकृत आर्थिक विवरण

## आर्थिक वर्ष २०७४/७५

आर्थिक वर्ष २०७४/७५ सम्ममा नेपाल सरकारको सञ्चित कोषको मौज्दातको अवस्था रू. १ खर्ब २३ अर्ब ०६ करोड ऋणात्मक रहेको छ भने प्रदेश र स्थानीय सञ्चित कोषको मौज्दात क्रमश: रू. ४ अर्ब ६३ करोड र रू. ४१ अर्ब २५ करोड रहेको देखिन्छ। यसरी तीनै तहको आर्थिक वर्ष २०७४/७५ सम्मको सञ्चित कोषको मौज्दात रू. ७७ अर्ब १९ करोड ऋणात्मक रहेको देखिन्छ। त्यसै गरी आर्थिक वर्ष २०७४/७५ मा तीनै तहको सरकारको सञ्चित कोष प्राप्ति रू. १० खर्ब २१ अर्ब ७४ करोड रहेको देखिन्छ। यसमा नेपाल सरकारको प्राप्ति रू. १० खर्ब ०४ अर्ब २३ करोड र स्थानीय तहको प्राप्ति रू. १७ अर्ब ५१ करोड रहेको छ। भूक्तानी तर्फ आर्थिक वर्ष २०७४/७५ मा तीनै तहको सरकारको सञ्चित कोषबाट भूक्तानी रू. १० खर्ब ६७ अर्ब ६१ करोड भएको देखिन्छ जसमा नेपाल सरकारको खर्च रू. ८ खर्ब ४३ अर्ब ५३ करोड, प्रदेश सरकारको रू. २ अर्ब ३२ करोड र स्थानीय तहको रू. २ खर्ब २१ अर्ब ७६ करोड रहेको छ। त्यसै गरी तीनै तहको चालू खर्च तर्फ रू. ५ खर्ब ७६ अर्ब ६७ करोड (५४%), पूँजीगत खर्च तर्फ रू. ३ खर्ब ७३ अर्ब ८६ करोड (३५%) र वित्तीय व्यवस्था तर्फ रू. १ खर्ब १७ अर्ब ०८ करोड (११%) रकम भूक्तानी भएको देखिन्छ।[1]

### नेपाल सरकार

आर्थिक वर्ष २०७४/७५ मा नेपाल सरकारले सञ्चित कोषमा प्राप्ति रू. १० खर्ब ४ अर्ब २३ करोड गरेको छ। यसै गरी उक्त आर्थिक वर्षमा नेपाल सरकारले सञ्चित कोषबाट भूक्तानी गरेको रकम रू. १० खर्ब ८४ अर्ब ३२ करोड रहेको छ भने विविध समायोजन मार्फत सञ्चित कोषमा रू. २८ अर्ब २९ करोड (पुनर्निमाण खाताको रकम सञ्चित कोषमा फिर्ता रू. २८ अर्ब २९ करोड समेत) रकम थप भएको छ। यसरी आर्थिक वर्ष २०७४/७५ को नेपाल सरकारको मौज्दात रू. ५१ अर्ब ८० करोड ऋणात्मक रहेको छ भने गत आर्थिक वर्षको मौज्दात समेत अ.ल्या. गर्दा आर्थिक वर्ष २०७४/७५ सम्मको नेपाल सरकारको सञ्चित कोषको अवस्था रू. १ खर्ब २३ अर्ब ०६ करोड ऋणात्मक रहेको छ। त्यसै गरी आर्थिक वर्ष २०७४/७५ मा नेपाल सरकारको सञ्चित कोष मार्फत रू. १० खर्ब ८४ अर्ब ६८ करोड बराबरको भूक्तानी भएकोमा चालू खर्चको रकम रू. ६ खर्ब ९६ अर्ब ९२ करोड, पूँजीगत खर्चको रकम रू. २ खर्ब ७० अर्ब ७१ करोड र वित्तीय व्यवस्था बापतको भूक्तानी रकम रू. १ खर्ब १७ अर्ब ०५ करोड रहेको छ।

### प्रदेश सरकार

आर्थिक वर्ष २०७४/७५ बाट मात्रै प्रदेश सञ्चित कोषहरू स्थापना भएकोमा प्राप्ति रू. ७ अर्ब १५ करोड र भूक्तानी रू. २ अर्ब ५२ करोड भई समग्रमा प्रदेश सञ्चित कोषको मौज्दात रू. ४ अर्ब ६३ करोड रहेको देखिन्छ। आर्थिक वर्ष २०७४/७५ मा प्रदेश सञ्चित कोषहरूमा नेपाल सरकारद्वारा हस्तान्तरित वित्तीय समानीकरण अनुदान मात्र प्राप्ति भएको देखिन्छ। आर्थिक वर्ष २०७४/७५ मा प्रदेश सञ्चित कोषबाट रू. २ अर्ब ५२ करोड भूक्तानी भएकोमा चालू खर्च बापत रू. १ अर्ब ४८ करोड र पूँजीगत खर्च बापत रू. १ अर्ब ०४ करोड रकम भूक्तानी भएको छ। त्यसै गरी प्रदेश सरकार, प्रदेश नं. १ द्वारा स्थानीय तहलाई रू. १९ करोड रकम बराबरको सशर्त अनुदान समेत प्रदान गरेको देखिन्छ।

---

[1] तीनै तहको सरकारको सञ्चित कोष प्राप्ति र भूक्तानी रकमहरूमा अन्तरसरकारी कारोबारहरू (अन्तरसरकारी अनुदान हस्तानान्तरण र प्राप्ति) दोहोरो गणना (Double Counting) हुने कारणले समावेश गरिएका छैनन्।

## स्थानीय तह

आर्थिक वर्ष २०७४/७५ को शुरूमा स्थानीय सञ्चित कोषको मौज्दात रू. ११ अर्ब ३९ करोड रहेकोमा आर्थिक वर्षको अन्त्यमा स्थानीय सञ्चित कोषको मौज्दात बढेर रू. ४१ अर्ब २५ करोड (समायोजन सहित) पुगेको देखिन्छ। स्थानीय सञ्चित कोषमा आन्तरिक स्रोत तर्फ रू. १७ अर्ब ५१ करोड र नेपाल सरकारबाट हस्तान्तरित वित्तीय हस्तान्तरणबाट रू.२ खर्ब ३३ अर्ब ९८ करोड र प्रदेश सरकारबाट हस्तान्तरिक रू. १९ करोड गरी प्राप्ति रू.२ खर्ब ५१ अर्ब ६८ करोड प्राप्ति भएको देखिन्छ। उक्त आर्थिक वर्षमा स्थानीय सञ्चित कोषबाट रू. २ खर्ब २१ अर्ब ७६ करोड भूक्तानी भएको देखिन्छ जस मध्ये चालू खर्च बापतको भूक्तानी रू. १ खर्ब १९ अर्ब ६२ करोड र पूँजीगत खर्च बापतको भूक्तानी रू. १ खर्ब ०२ अर्ब ११ करोड भएको देखिन्छ। त्यसै गरी वित्तीय व्यवस्था बापत रू. ३ करोड ४२ लाख रकम समेत भूक्तानी भएको देखिन्छ। चालू खर्च मध्ये सबै भन्दा बढी पारिश्रमिक/सुविधा बापत रू. ७७ अर्ब ६८ करोड र मालसामान तथा सेवाको उपयोग बापत रू. २१ अर्ब ०७ करोड भूक्तानी भएको देखिन्छ। त्यसै गरी पूँजीगत खर्च तर्फ सार्वजनिक निर्माणका लागि सबै भन्दा बढी रू. ७५ अर्ब १३ करोड रकम भूक्तानी भएको छ। नेपाल सरकारद्वारा हस्तान्तरित अनुदानको उपयोगको सन्दर्भमा स्थानीय तहलाई समानीकरण अनुदान बापत रू. १ खर्ब ४८ अर्ब ७५ करोड निकासा र सशर्त अनुदान बापत रू. ८५ अर्ब २३ करोड खूद निकासा (खूद निकासा = कूल निकासा – फिर्ता) भएको देखिन्छ। यसरी प्रदान गरिएको अनुदान मध्ये समानीकरण अनुदान तर्फ रू. १ खर्ब २२ अर्ब २२ करोड र सशर्त अनुदान तर्फ रू. ८३ अर्ब १९ करोड खर्च भई क्रमश: रू. २६ अर्ब ५३ करोड र रू. २ अर्ब ०४ करोड उपयोग हुन नसकेको देखिन्छ। प्रदान गरिएको निकासा मध्ये समानीकरण अनुदान तर्फ औसतमा ८३ प्रतिशत र सशर्त अनुदान तर्फ औसतमा ९४ प्रतिशत अनुदान उपयोग भएको देखिन्छ।

**Disclaimer :** *प्रदेश सरकार तथा स्थानीय तहको कारोबारको आन्तरिक लेखापरीक्षण गर्ने दायित्व महालेखा नियन्त्रक कार्यालयको नरहेको र प्रदेश तथा स्थानीय तहबाट जे जस्तो रुपमा वित्तीय विवरणहरू प्राप्त भएका छन् सोही विवरणलाई एकीकरण (Consolidation) गरी प्रस्तुत गरिएको छ। तसर्थ प्रदेश र स्थानीय तहबाट प्राप्त वित्तीय विवरणहरूको यथार्थपरकता सम्बन्धी दायित्व सम्बन्धित प्रदेश सरकार र स्थानीय तहमा नै निहित रहने छ।*

# प्रदेश सरकार सञ्चित कोष अवस्था

## आर्थिक वर्ष २०७४/७५

| विवरण | प्राप्ति (वित्तीय समानीकरण अनुदान) | भूक्तानी (नसाटिएका चेक बाहेक) | यस आ.व. (सम्म) को सञ्चित कोष मौज्दात |
|---|---|---|---|
| **प्रदेश नं. १** | १,०२०,५००,०००.०० | ६५१,७२०,७८१.४३ | **३६८,७७९,२१८.५७** |
| **प्रदेश नं. २** | १,०२२,४८३,९३२.०० | ६१३,८४०,७०२.२५ | **४०८,६४३,२२९.७५** |
| **प्रदेश नं. ३** | १,०२०,५००,०००.०० | २६९,४२५,५६०.७५ | **७५१,०७४,४३९.२५** |
| **गण्डकी प्रदेश** | १,०२०,५००,०००.०० | २९५,३५४,३३०.९० | **७२५,१४५,६६९.१०** |
| **प्रदेश नं. ५** | १,०२०,५००,०००.०० | १९०,६५८,२६१.७७ | **८२९,८४१,७३८.२३** |
| **कर्णाली प्रदेश** | १,०२०,५००,०००.०० | २३४,२९८,७९७.५३ | **७८६,२०१,२०२.४७** |
| **सुदुरपश्चिम प्रदेश** | १,०२०,५००,०००.०० | २५९,८१६,६७२.८९ | **७६०,६८३,३२७.११** |
| **जम्मा** | **७,१४५,४८३,९३२.००** | **२,५१५,११५,१०७.५२** | **४,६३०,३६८,८२४.४८** |